## असुरक्षित स्थानागमन गर्दा हुनसक्ने जोखिमहरू के के हुन् ?

असुरक्षित स्थानागमन गर्दा मानव बेचबिखन तथा मानव ओसारपसार र तस्करीमा परी धेरै प्रकारका शोषणहरू भोग्नुपर्ने हुनसक्छ ।

साथै वैदेशिक रोजगारीमा जाँदा तोकिएको सरकारी प्रक्रिया पुरा नगरी जाँदा कामदारहरूले करार बमोजिमको काम तथा सेवा सुविधा नपाउने, विदेशी भूमिमा पीडित बन्नु पर्ने, स्वदेश फर्कन कठिनाइ हुने, कतिपय अवस्थामा जेल सजाय भोग्नुपर्ने र ज्यान समेत गुमाउनु पर्ने हुनसक्छ ।

## मानव बेचबिखन, मानव ओसारपसार र मानव तस्करी के हो ?

**मानव बेचबिखन** – मानव बेचबिखन भन्नाले कसैले कुनैपनि मानिसलाई ललाई फकाई प्रलोभनमा पारी, झुक्याइ, डर त्रास वा बल प्रयोग गरी वा नगरी देश भित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लगी बिक्रि गर्ने वा अन्य कुनै तरिकाले यौन पेशा / व्यवसायमा लगाउने कार्यलाई जनाउँदछ । मानव बेचबिखनमा परेका मानिसहरूलाई जबर्जस्ती यौन व्यवसायमा लगाउने, अङ्ग झिक्ने, जोखिमपूर्ण श्रममा लगाउने जस्ता शोषण गर्न सक्छन् ।

**मानव ओसारपसार** – कुनै पनि मानिसलाई धोका दिएर, गलत सूचना दिई, वा अन्य कुनै तरिकाले किन्ने वा बेच्ने उद्धेश्यले एक स्थानबाट अर्को स्थानमा लैजाने प्रकृया मानव ओसारपसार हो । ओसारपसार भएका मानिसहरू बेचबिखनमा पर्न सक्ने खतरामा रहन्छन् । ओसारपसार गरेर श्रम शोषण, सस्तो श्रम तथा अन्य फाइदाको लागि मानिसहरूलाई प्रयोग गर्न सक्छन् ।

**मानव तस्करी** – कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमको फाइदाका लागि कुनै व्यक्तिलाई भिसा (प्रवेशाज्ञा) नभएको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्यलाई मानव तस्करी भनिन्छ । यो कार्य सम्बन्धित व्यक्तिको इच्छा, सहमति र चाहना अनुसार हुने गर्दछ । तर यस्तो माध्यमबाट विदेश जाने क्रममा बेचबिखन तथा शोषणमा पर्न सक्ने जोखिम रहन्छ ।

## सुरक्षित स्थानागमन सम्बन्धी थप जानकारी कहाँ पाइन्छ ?

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
आप्रवासी सूचना केन्द्र, अनामनगर, काठमाण्डौ
पैसा नलाग्ने फोन नं. : १६६००१५०००५
वेबसाइटः www.fepb.gov.np

श्रम तथा रोजगार मन्त्रालय,
वैदेशिक रोजगार विभाग,
सोल्टिमोड, काठमाण्डौ
वेबसाइटः www.dofe.gov.np
फोन नं. ०१–४७८२४५४, ०१–४७८२६४८

### राष्ट्रिय मानवअधिकार आयोग मानव अधिकार हटलाइन

फोन नं. ०१–५०१००००
(२४सै घण्टा खुल्ला, बिदाका दिनमा समेत)

### थप जानकारी तथा सहयोगको लागि सम्पर्क गर्न सकिने निकाय तथा पैसा नलाग्ने सम्पर्क फोन

सम्बन्धित क्षेत्रको जिल्ला प्रशासन कार्यालयहरु
बाल हेल्पलाईन – १०९८
मानव बेचबिखन, लैङ्गिक हिंसा वा
अन्य अपराधको सूचनाको लागि – १६६००१४१५१६
प्रहरी सेवा – १०० र १११३
बालबालिका हराएमा – १०४

### महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह, नेपाल (एटविन)

पो.ब.नं. २४९६०
फोनः ०१–४२२९७८७, ०१–४२२०४७८, फ्याक्स ०१–४२२९७८७
ईमेलः aatwin@ntc.net.np,
वेबसाइटः www.aatwin.org.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
महिला तथा बालबालिका विभाग

AATWIN

unicef




# के तपाईं वैदेशिक रोजगारीमा जाँदै हुनु हुन्छ ?

## स्थानागमन भनेको के हो ?

उत्कृष्ट र उपयुक्त अवसरको खोजिमा एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रूपमा आवतजावत गर्नु स्थानागमन हो । स्थानागमन देश भित्र वा देश बाहिर अन्य मुलुकमा समेत गरिन्छ ।

## स्थानागमन किन गरिन्छ ?

पढ्न, सीप सिक्न, नयाँ कुराहरू थाहा पाउन, कामको खोजीमा वा काम गर्न, सुरक्षाका लागि र अन्य अवसरहरूको खोजीमा मानिसहरू अस्थायी वा स्थायी रूपमा एक स्थानबाट अर्को स्थानमा जाने गर्दछन् ।




## सुरक्षित स्थानागमन कसरी गर्ने ?




- कसैको पनि प्रलोभनमा नपर्ने, अरूको लहैलहैमा नलाग्ने, कसैले कुनै लोभ देखाएमा सम्बन्धित सरकारी निकाय, नजिक रहेका संस्था, जानेबुझेका परिवारका सदस्य तथा विश्वसनीय साथीहरूसँग सरसल्लाह गर्ने ।
- कसैले तपाईँको आवश्यकता र इच्छा पुरा गर्न सहयोग गर्छु तर त्यसको लागि आफ्नो घर ठाउँ छोडेर अन्तै जानुपर्छ भन्छन् भने त्यस्तो कुरा सही हो वा होइन पत्ता लगाउने । यसका लागि कहाँ जाने, कसरी जाने, के काममा जाने, तलव कति हुन्छ सबै थाहा पाउने । आफूले थाहा पाएको कुरा सही हो वा होइन यकिन गर्न जानेबुझेका परिवार, साथीहरू, गाउँका अगुवा र प्रहरीसँग बुझ्ने ।
- रोजगारीका लागि जाँदा आफ्नो सीप र क्षमता अनुसारको काम मात्र छनौट गर्ने र सीप विकास तालिममा सहभागी भएर मात्र वैदेशिक रोजगारीमा जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले तोकिदिएको नियम र प्रकृया अपनाएर आधिकारिक र मान्यता प्राप्त कम्पनी वा एजेन्सीमार्फत मात्र जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले रोजगारीका लागि खुला नगरेको देशमा नजाने ।
- देश भित्र वा देश बाहिर घुम्न वा कामका लागि जाँदा घर परिवार र नजिकको साथीभाईलाई जानकारी गराएर मात्र जाने ।
- विपद्का बेला आइपरेको समस्यामा नआत्तिने । यस्तो बेलामा संयम भई सकेसम्म आफ्नै ठाउँमा वा देश भित्रै रोजगारी तथा आम्दानीका अवसरहरू खोज्ने । साथै, आफ्नो वरपर सञ्चालित सीप विकास तथा आय आर्जनका कार्यक्रमहरूको बारेमा जानकारी लिने र सहभागी हुने ।
- कहीँ पनि जाँदा आफ्ना महत्वपूर्ण कागजातहरू जस्तै नागरिकता, पासपोर्ट (राहदानी), लालपुर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र), जन्मदर्ता प्रमाण पत्रहरू आफुसँगै राख्ने । त्यस्ता कागजातको फोटोकपि (प्रतिलिपि) परिवारका सदस्यलाई पनि राख्न दिने ।
- कानुनी समस्या परेमा वा कागजातहरू हराएमा गाउँपालिका वा नगरपालिकाको कार्यालयहरूमा सम्पर्क गर्ने, जानकारी गराउने र सहयोग लिने ।
- वैदेशिक रोजगारीमा जानु अघि स्वास्थ्य परीक्षण, जीवन बिमा र दुर्घटना बिमा अनिवार्य रुपमा गर्नुपर्छ ।

